नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं
नेपाल

पत्र संख्याः-

## विज्ञप्ति

राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन समन्वय केन्द्रको पहिलो बैठक मिति २०८० चैत्र ०१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको छ।

उक्त बैठकले मौसमजन्य रोगको विवरण तथा स्वास्थ्य क्षेत्रमा आउन सक्ने सङ्कटका सम्बन्धमा सरोकारवाला निकायमा नियमित रिपोर्टिङ गर्ने र केन्द्रले विवरण अद्यावधिक गर्ने, गर्मी मौसममा झाडापखाला, डेंगु, ईन्फ्लुएन्जा, हैजा लगायतका मौसमजन्य रोगहरू फैलिन सक्ने भएकोले समयमै यस्ता मौसमजन्य रोगहरुको नियन्त्रण र बँच्ने उपायहरूका सम्बन्धमा सावधानी अपनाउन आवश्यक सचेतनाका लागि प्रचार-प्रसार लगायतका कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने, आम नागरिकको स्वास्थ्यसँग सम्बन्धित विषयमा सरोकारवालासँग समन्वय गर्ने, स्वास्थ्य समस्याको बारेमा नियमित निगरानी तथा प्रतिवेदन गर्ने तथा केन्द्रलाई क्रियाशील बनाउन व्यवस्थापकीय कार्य अगाडि बढाउने निर्णय गरेको छ।

२०८० चैत ०१ गते, बिहीबार

**नारायण प्रसाद भट्ट**
**प्रवक्ता**

टेलिफोनः ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२१११०२, ४२११०६४
फ्याक्सः ४२११०६५, ४२११०८६, ४२११०३५, ४२११०२१, ४२११०४७, पो.ब.नं. २३३१२ काठमाडौं, नेपाल
इमेलः info@opmcm.gov.np
वेब साइटः http://www.opmcm.gov.np